# मिति २०८३/०१/०७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरू

निर्णय नं. १

लुम्बिनी प्रदेशको आर्थिक ऐन, २०८२ को दफा २ को उपदफा (१) सँग सम्बन्धित अनुसूची-१ (घ), विविध ३. अनुसार रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुटका लागि सिफारिस पाऊँ भनि निवेदन पेश भएका तपसिल बमोजिमका उद्योगहरूलाई सोही ऐन बमोजिम पचहत्तर प्रतिशत छुटका लागि श्री भूमिसुधार तथा मालपोत कार्यालय, नेपालगञ्ज, बाँकेमा सिफारिस गर्ने ।

तपसिल:

| सि.नं. | फर्म तथा व्यवसायको नाम | आधिकारीक व्यक्ति | खरिद गर्ने जग्गा रहेको ठेगाना | कै. |
|---|---|---|---|---|
| १. | सोना श्री फूड्स प्रा.लि. | आँचल अग्रवाल | नेपालगञ्ज-१४, बाँके | |

निर्णय नं. २

नेपालगञ्ज उपमहानगरपालिका ५ नं. वडा कार्यालयको प.सं.२०८२/०८३, च.नं. ९८९, मिति २०८२/१२/१८ गतेको पत्रानुसार दोस्रो वडा स्तरीय टेनिस क्रिकेट प्रतियोगिताका सञ्चालन गर्न आर्थिक सहयोगका लागि अनुरोध भएकोमा आ.व. २०८२/०८३ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम अनुसार तपसिल बमोजिम वडा कार्यालयको नाममा निकासा दिने ।

तपसिल:

| क.सं. | योजना तथा कार्यक्रमको नाम | निकासा दिने रकम | कैफियत |
|---|---|---|---|
| १ | अन्तर वडा स्तरीय टेनिस क्रिकेट प्रतियोगिता सञ्चालन | रु.१५००००.०० | |

निर्णय नं. ३

नेपालगञ्ज उपमहानगरपालिका १ नं. वडा कार्यालयको प.सं.२०८२/०८३, च.नं. ३७५४, मिति २०८३/०१/०४ गतेको पत्रानुसार खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता र खुला पम्प ट्रयाक साइकल प्रतियोगिताका सञ्चालन गर्न बजेट निकासाका लागि अनुरोध भएकोमा आ.व. २०८२/०८३ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम अनुसार तपसिल बमोजिम वडा कार्यालयको नाममा निकासा दिने।

तपसिल:

| क.सं. | योजना तथा कार्यक्रमको नाम | निकासा दिने रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपालगञ्ज साइकल पम्प ट्रयाक कम्पिटिशन २०२५ तथा शिलालेख | रु.३०००००.०० | |
| २. | खुला राष्ट्रिय ब्याडमिन्टन प्रतियोगिता, २०८२ | रु.३०००००.०० | |

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०१/०७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ४

नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको तर्फबाट फिराद गर्ने, रिट निवेदन तयार गर्ने, प्रतिउत्तर पत्र दर्ता गर्ने, लिखित जवाफ पेश गर्ने, सो मुद्दा सँग सम्बन्धित कुनै निवेदन दर्ता गर्ने, अदालतमा दायर मुद्दाहरुमा सम्बन्धित पक्षहरु सँग मिलापत्र गर्नको लागि स्वयं उपस्थित भई वा उल्लेखित कार्य गर्न/गराउनका लागि कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई वारेसनामा/मञ्जुरीनामा समेत दिन पाउने सम्पूर्ण अधिकार नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णय नं. ५

नेपालगञ्ज उपमहानगरपालिका २० नं. वडा कार्यालयको प.सं.२०८२/०८३, च.नं. ३९०३, मिति २०८२/१२/२२ गतेको पत्रानुसार वडा कार्यालयमा इन्भर्टर व्याट्री बिग्रन गई सेवा प्रवाहमा समस्या भएको र खरिदका लागि रकम विनियोजन नभएको हुँदा व्याट्रि खरिदका लागि अनुरोध भएकोले आ.व. २०८२/०८३ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम "नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने" कार्यक्रमबाट व्याट्रि खरिद बापतको रकम रु.१४४४००.४४ (एक लाख चवालीस हजार चार सय रुपैया र चवालीस पैसा) सम्बन्धित व्यवसायी/फर्मको नाममा भुक्तानी दिने ।

निर्णय नं. ६

नेपालगञ्ज उपमहानगरपालिकामा वडा नं. १८ को सुकुम्बासी तथा विपन्न बस्तिमा वडाको साझेदारिमा शौचालय निर्माण कार्य खर्च शिर्षक अन्तर्गत रु.७,००,०००।०० (अक्षरेपी सात लाख मात्र ) र वडा कार्यालयको सोहि बजेट शिर्षक अन्तर्गत रु.३,००,०००।०० (अक्षरेपी तीन लाख मात्र ) विनियोजित रहेकोमा उक्त योजना वडा कार्यालयबाट नै कार्यान्वयन गर्न बजेट निकासाको लागि नेपालगञ्ज उपमहानगरपालिका १८ नं वडा कार्यालयको मिति २०८२।१२।०२, प.सं. २०८२।०८३, च.नं. २९२७ को रकम निकासा सम्बन्धी पत्र एवं सिफारिस बमोजिम वडा नं. १८ को सुकुम्बासी तथा विपन्न बस्तिमा वडाको साझेदारीमा शौचालय निर्माण कार्य गर्न सम्बन्धित वडा कार्यालयको निकासा गर्न यस कार्यालयको मिति २०८२।१२।२४ मा भएको निर्णयलाई अनुमोदन गर्ने ।

निर्णय नं. ७

नेपालगञ्ज उपमहानगरपालिकाको आ.व. २०८२/०८३ मा चिल्ड्रेन पार्कमा ओपन जिम व्यवस्थापन खर्च शिर्षकमा रु.९,००,०००/- विनियोजन भएकोमा उक्त बजेटबाट नेपालगञ्ज उपमहानगरपालिका वडा नं. २ को वागेश्वरी मन्दिर पूर्व रहेको चिल्ड्रेन पार्क तथा खुला रहेको स्थानमा जिमका सामानहरु खरिद गरि जडान गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०१/०७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ८

यस उपमहानगरपालिकाको लागि (३ फेजको कार्य गरि जम्मा) स्वीकृत भएको कुल रु. ९,३१,४५,१०७.१३ (अक्षरेपी ९ करोड एकतिस लाख पैंतालिस हजार एक सय सात रुपैंया पैसा तेह मात्र) को "CCTV जडान तथा विस्तार सम्बन्धी विस्तृत अध्ययन प्रतिवेदन (DPR)" मध्ये हाललाई सबैभन्दा बढी संवेदनशील र प्राथमिकतामा रहेका क्षेत्रहरूलाई समेट्ने गरी तयार गरिएको पहिलो चरण (**Phase-I**) को रु. २,७३,७३,३०१.५९ (अक्षरेपी दुई करोड त्रिहत्तर लाख त्रिहत्तर हजार तीन सय एक रुपैंया पैसा उन्साठी मात्र) को लागत अनुमान (**Estimate**) यसै बैठकबाट स्वीकृत गरियो।

सो सम्बन्धमा देहाय बमोजिम गर्ने/गराउने निर्णय गरियो:

१. **बहुवर्षीय ठेक्का स्वीकृत:** उक्त पहिलो चरणको कार्य सम्पन्न गर्न चालू आर्थिक वर्ष मा विनियोजित रु. २,१५,००,०००/- ले अपुग हुने र चालू आ.व. को बाँकी अवधिमा कार्य सम्पन्न गर्न प्राविधिक रूपमा कठिन हुने देखिएकोले, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम यस आयोजनालाई "बहुवर्षीय ठेक्का" को रूपमा अगाडि बढाउन स्वीकृत प्रदान गरिएको छ।

२. **स्रोत सुनिश्चितता:** यस आयोजनाको लागि अपुग हुने रकम रु. ५८,७३,३०१.५९/- (अक्षरेपी अन्ठाउन्न लाख त्रिहत्तर हजार तीन सय एक रुपैया पैसा उन्साठी मात्र) र आयोजना सम्पन्न गर्न लाग्ने थप दायित्व आगामी आर्थिक वर्षको बजेटमा अनिवार्य रूपमा विनियोजन गर्ने गरी "स्रोत सुनिश्चितता" प्रदान गर्ने ।

निर्णय नं. ९

नेपालगञ्ज उपमहानगरपालिकाको मिति २०८३।०१।०३ को निर्णय बमोजिम आ.व. २०८२।८३ मा कार्यालयको लागि संघीय सशर्त अनुदान अन्तर्गत हस्तान्तरित कार्यक्रम "मानव सेवा आश्रमको भवन निर्माण, सशर्त पुँजिगत अनुदान" बजेट रु.५०,००,०००.०० प्राप्त भएकोमा उक्त मानव सेवा आश्रमको भवन निर्माण स्थल डुडुवा गाँउपालिका, बाँकेमा पर्ने र यस पालिकाको क्षेत्राधिकार भित्र नपर्ने भएकाले उक्त बजेटलाई डुडुवा गाँउपालिका, बाँकेबाट कार्यान्वयन हुने गरी मन्त्रलायगत बजेट सूचना प्रणाली (LMBIS)मा संशोधनका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सिंहदरबार, काठमाडौंमा पत्राचार गर्ने निर्णयलाई अनुमोदन गर्ने।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १०

लुम्बिनी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. २०८२।०८३, च.नं. ६१९ मिति २०८२।१२।२७ को आ.व. २०८३।०८४ का लागि प्रदेश समपूरक अनुदानका आयोजना प्रस्ताव पेश गर्न पत्राचार भए वमोजिम प्रदेश समपूरक अनुदान व्यवस्थापन (दोस्रो संशोधन) कार्यविधि, २०८१ मा व्यवस्था भए अनुरुप देहायका योजनाहरु तपसिलको प्राथमिकता हुने गरी सिफारिस गर्ने।

तपसिल

| क्र. सं. | योजना/कार्यक्रमको नाम | वडा नं. | कुल लागत अनुमा रु. | उपमहानगरपालिकाले व्यहोर्ने रकम रु. | लुम्बिनि प्रदेशले व्यहोर्ने रकम रु. | अवधि |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ जि.प्र.का. उत्तर पश्चिम जाने बाटो, वडा नं ४ फुलबारी टोल जाने बाटो, वडा नं १२ बेलासपुर ने.रा.प्रा.वि. जाने बाटो, वडा नं १३ रंगशाला गेट उत्तर जाने बाटो र वडा नं १८ भुजईगाउँ पश्चिमको सडक स्तरोन्नती | १, ४, १२, १३ र १८ | ३,०१,०९,०१०.१९ | १,८०,६५,४०६.११ | १,२०,४३,६०४.०८ | १ वर्ष |
| २ | नेपालगञ्ज उपमहानगरपालिका भित्र विभिन्न सडक निर्माण तथा स्तरोउन्नति | विभिन्न वडा | ६,९६,५६,१२७.११ | ४,१७,९३,६७६.२७ | २,७८,६२,४५०.८४ | १ वर्ष |

निर्णय नं. ११

नगरस्तरीय अश्वपालकहरुको आवास, तवेला तथा पुनर्निर्माण वासस्थान निर्माण छनौट एवं कार्यान्वयन समितिको मिति २०८२।१२।२४ को सिफारिस वमोजिम आ.व. २०८२।०८३ का लागि संघीय सरकारबाट विषेश अनुदान अन्तर्गत हस्तान्तरित कस्गर समुदायका व्यक्तिहरुको जिविकोपार्जनको लागि सवलीकरण कार्यक्रम कुल विनियोजित रकम रु.६०,००,०००।०० (अक्षेरुपी साठी लाख मात्र) बाट तपसिल वमोजिमका कार्यक्रमहरु गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०८२।०८३ | कैफियत |
|---|---|---|---|
| | | बजेट(रु.) | |
| १ | अनौपचारिक शिक्षा | १५०,०००।०० | |
| २ | १५० जनालाई सिप अभिवृद्धि तालिम | | |

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०१/०७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | |
|---|---|---|---|
| २.१ | गत आ.व.मा सञ्चालन भएको तालिममा सहभागीहरुलाई पुनर्ताजि तालिम | ३००,०००।०० | |
| २.२ | कसगर समुदायका व्यक्तिहरुलाई ३ दिने बाख्रापालन तालिम र १ दिन स्थलगत भ्रमण | २००,०००।०० | |
| २.३ | बाख्रापालन तालिममा सहभागीलाई बाख्रा वितरण | ४००,०००।०० | |
| ३ | समुदायका युवा पुरुषको लागि सिप अभिवृद्धि तालिम | | |
| ३.१ | ३० जना कसगर समुदायका व्यक्तीहरुका लागि दाना उत्पादन तालिम सैद्धान्तिक तथा प्रयोगात्मक तालिम | १६०,०००।०० | |
| ३.२ | १०/१० जना सहभागीको समुह बनाई १/१ वटा दाना बनाउने मेशिन वितरण | ३४०,०००।०० | |
| ४ | नयाँ प्रविधिले माटो बनाउने सामग्री | १,०००,०००।०० | |
| ५ | वित्तिय साक्षरता कार्यक्रम | २००,०००।०० | |
| ६ | संक्रामक र जुनोटिक रोगहरु बारे सचेतना | | |
| ६.१ | संक्रामक र जुनोटिक रोगहरु बारे सचेतना सम्बन्धि जिङ्गल बनाएर सचेतना | ५०,०००।०० | |
| ६.२ | संक्रामक र जुनोटिक रोगहरु बारे सचेतना सम्बन्धि गोष्ठि कार्यक्रम | ३००,०००।०० | |
| ७ | जैविक सुरक्षा र सरसफाईमा संवेदनशीलता | २८०,०००।०० | |
| ८ | ५ वर्ष मुनिका बालबालिकालाई पोषण सहयोग | | |
| ८.१ | पोषण शिक्षा सुधार कार्यक्रम | १,०००,०००।०० | |
| ९ | जनावरहरुको लागि खोप तथा शिविर कार्यक्रम सञ्चालन | | |
| ९.१ | रेबिज भ्याक्सिन तथा शिविर कार्यक्रम सञ्चालन | १५०,०००।०० | |
| १० | पिउँने पानीको श्रोत संरक्षण | १,०००,०००।०० | |
| ११ | फोहोर व्यवस्थापन | | |
| ११.१ | फोहोरबाट कम्पोष्ट मल बनाउने तरिका तथा सोको व्यवस्थापनका लागि तालिम | २००,०००।०० | |

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप-महानगरपालिका

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८३/०१/०७ गतेको नेपालगञ्ज उपमहानगरपालिका नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | |
|---|---|---|---|
| ११.२ | फोहोरबाट कम्पोष्ट मल बनाउने तरिका तथा सोको व्यवस्थापनका लागि सामग्री किट वितरण | १५०,०००।०० | |
| ११.३ | डम्पिङ साईट तथा अन्य स्थलमा भ्रमण तथा अन्य खर्च | २०,०००।०० | |
| १२ | अनुगमन मुल्याङ्कन | १००,०००।०० | |
| | जम्मा | ६,०००,०००।०० | |

निर्णय नं. १२

नेपालगञ्ज उपमहानगरपालिका नगर उपप्रमुख श्री कमरुद्दिन राईको मिति २०८२/१०/०४ गतेदेखि लागू हुने गरी राजिनामा स्वीकृत भएको हुँदा नेपालगञ्ज उपमहानगरपालिकामा रहेका न्यायिक समिति र अनुगमन समिति वाहेक अन्य समितिहरुको अध्यक्ष/संयोजकको रुपमा नगर प्रमुखलाई जिम्मेवारी प्रदान गर्ने ।

निर्णय नं. १३

नेपालगञ्ज उपमहानगरपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशिकरण रणनीतिक कार्ययोजना, २०८२ अनुसार अनुगमन तथा मूल्याङ्कन समितिमा सदस्यको रुपमा कार्यपालिका सदस्य श्री शोभा खटिकलाई मनोनयन गर्ने ।

निर्णय नं. १४

नेपालगञ्ज उपमहानगरपालिका क्षेत्रमा रहेका छाडा पशुको व्यवस्थापन तथा उपचार (६७१.२२.१.११९५) र उपमहानगरपालिकामा सञ्चालित विभिन्न कार्यक्रम तथा गतिविधिहरु सम्बन्धी सामाग्री निर्माण तथा प्रसारण (६७१.२२.१.१७५९) कार्य लाई आगामी आर्थिक वर्षमा समेत कार्यान्वयन गर्ने गरी स्वीकृति दिने ।

निर्णय नं. १५

नेपालगञ्ज उपमहानगरपालिकाको आ.व. २०८२/०८३ मा खानेपानी व्यवस्थापन कार्यक्रम (नल खरिद) खर्च शिर्षकमा रु.५,००,०००/- विनियोजन भएकोमा उक्त बजेटवाट नल खरिद गरी नेपालगञ्ज उपमहानगरपालिका र वडा कार्यालयको सिफारिसमा वितरण गर्ने ।

मानबहादुर बम
प्रमुख प्रशासकीय अधिकृत